# कमलामाईनगरपालिका नगर कार्यपालिकाको कार्यालय, सिन्धुली

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश,नेपाल

विषय :- **बसपार्क क्षेत्र भित्र निर्माण भएको सटर सहितको सार्वजनिक शौचालय भाडामा लगाउने सम्वन्धि शिलवन्दि प्रस्ताव-पत्रआब्हान सम्वन्धी सूचना।**

प्रथम पटक प्रकाशित मिति २०८३/०५/१६

यस कमलामाई नगरपालिका अन्तरगत वडा नं.६ को वसपार्क भित्र निर्माण भएको सटर सहितको सार्वजनिक शौचालय भाडामा लगाउनु पर्ने भएको हुँद इच्छुक व्यक्ती, संघ,सस्था वा फर्मवाट प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिन दिनको मध्यन्ह १२:०० वजे सम्म निम्नशर्तहरुको अधिनमा रही मासिक भाडादर खुलाई गोप्यशिलवन्दि प्रस्ताव पत्रआव्हान गरिन्छ।

शर्तहरु:

१.शिलवन्दि प्रस्तावपत्र रु. १०००।-(एक हजार) फिर्ता नहुनेगरी नगदै वुझाई प्रथमपटक सूचना प्रकाशित मितिले १५औं दिन कार्यालय समय सम्म यस कार्यालयको राजस्व उपशाखावाट बसपार्क क्षेत्र भित्र निर्माण भएको सटर सहितको सार्वजनिक शौचालय भाडाको शिलवन्दि प्रस्ताव-पत्र विक्री वितरण गरिने छ।

२.आफुले कवोल गरेको भाडा रकम वरावर ३ (तीन) महिनाको रकम न.पा.को धरौटीखाता नं. १०६०१००३०३००००३ धरौटीखाता (क.न.पा) सिन्धुलीस्थित रा.वा.वैकमाजम्मा गरेको सक्कल भौचर संलग्न राखी पेश गर्नु पर्ने छ।

३. वसपार्क भित्र निर्माणभएको सटर सहितको सार्वजनिक शौचालय सम्झौता भएको मितिदेखि २०८४ साल आषाढ मसान्त सम्मको लागि भाडामा उपलब्ध हुनेछ। दुवै पक्षको सहमतिमा नियमानुसार अवधि थपगर्न सकिनेछ।

४. आफुले कवोल गरेको मासिकभाडा दर अंक र अक्षरमा स्पष्टवुझिने गरी लेखी सहीछाप गरी शिलवन्दिगरी सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० वजे सम्मदर्ता गराई सक्नु पर्नेछ। उक्त शिलवन्दि प्रस्ताव सोही दिन दिनको २:०० वजे प्रस्तावपत्र पेश गर्ने व्यक्ति, संघ,सस्था वा फर्मको प्रतिनिधीको रोहवरमा कमलामाई नगरपलिका नगर कार्यपालिकाको कार्यालय,सिन्धुलीमा खोलिनेछ। प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिउपस्थित नभए पनि प्रस्तावपत्र खोलन वाधा पर्ने छैन।

५.वसपार्क भित्र निर्माण भएको सटर सहितको सार्वजनिक शौचालय शिलवन्दि प्रस्तावपत्र विक्री हुने अन्तिम दिन वा दर्ता गर्ने दिन सार्वजनीक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सो कामहुने छ।

६. वसपार्क भित्र निर्माण भएको सटर सहितको सार्वजनिक शौचालयको न्युनतम मासिक भाडादर रु.३५०००।-(पैतीसहजार) कायम गरिएको छ।

७.नगरपालिकाको हितलाई ध्यानमा राखी शलवन्दि प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ।

८.प्रस्तावपत्र स्वीकृत गर्ने व्यक्ति, संघ,सस्था वा फर्मले तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा निजले जम्मा गरेको धरौटी रकम जफत गरी पस्तावपत्र रद्ध गरिनेछ।

९.प्रत्येक महिनाको वसपार्क भित्र निर्माण भएको सटर सहितको सार्वजनिक शौचालयको मासिक भाडा रकम अर्को महिनाको ७ (सात) गते भित्र वुझाई सक्नु पर्ने छ। तोकिएको समय भित्र मासिक भाडा नवुझाएमा प्रत्येक महिनाको १०% का दरले जरिवाना लाग्ने छ।

१०.अन्य कुरा प्रचलितआर्थिक ऐन ,नियमअ नुसार हुनेछ।विस्तृत कुरा वुझ्नु परेमा कार्यालय समय भित्र राजस्व उपशाखामा सम्पर्क राख्न सकिनेछ।

२०८३।५।१६

प्रमुखप्र शासकिय अधिकृत